# तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको
# कर तथा शुल्क संकलन सम्वन्धि सिलवन्दी
# दरभाउपत्र आव्हानको सुचना

## दोस्रो पटक प्रकाशित मिति: २०७८।०४।३०

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६१, ६२, एवं तानसेन नगरपालिकाको आर्थिक ऐन २०७८ बमोजिम तानसेन नगर क्षेत्र भित्रबाट निकासी हुने माटोको निकासी शुल्क, रानी महल प्रवेश शुल्क र श्रीनगर पार्क प्रवेश शुल्क भ्यूटावर समेत, वनभोज शुल्क तोकिएको दररेटमा संकलन गर्नका लागि १५ दिनको म्याद राखी यो दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नु हून अनुरोध गरीन्छ ।

१. वोलपत्र/दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. **वोलपत्र/दरभाउपत्र फारम खरिद गर्ने मिति** : सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।
३. **सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति** : आ.व. २०७७/०७८ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्रको सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. **वोलपत्र/दरभाउपत्र खोल्ने समय** : सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ वजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र/वोलपत्र खोल्न वाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ
६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०७९ साल असार मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. दरभाउपत्र/वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा दरभाउपत्रदाता/वोलपत्रदाता /ठेकेदारको हुनेछ ।
८. तोकिएको दर प्रदेश कानुन तथा तानसेन नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।
९. **उठाउने तरिका** : नगरपालिकाले तोकेको स्थानमा उठाउने, कर/शुल्कको दरको विवरण सबैले देख्ने गरी होर्डिङ वोर्ड राखेर मात्र कर/शुल्क असूल गर्नु पर्नेछ । कर/शुल्क रकम लिए पछि सम्बन्धित करदातालाई नगरपालिकाबाट प्रमाणित गरिएको रसिद अनिवार्य रुपमा दिनु पर्नेछ ।
१०. नगरपालिकाबाट लगाइएका आन्तरिक आय ठेक्कामा ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
११. ठेक्का अवधि कायदिश पाएको मिति देखि २०७९ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।
१२. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नू पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१३. ठेक्का अंक रकम एकमूष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।
१४. ठेक्का सम्झौता गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।
१५. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

Scanned with CamScanner

दरभाउपत्र विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | वोलपत्र/दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 05/078/079 | नगर क्षेत्र भित्रबाट निकासी हुने माटोको निकासी शुल्क संकलन | १०,००,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 06/078/079 | रानी महल प्रवेश शुल्क संकलन | ७,१०,००० | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 07/078/079 | श्रीनगर पार्क प्रवेश शुल्क भ्यूटावर समेत, वनभोज शुल्क संकलन तथा व्यवस्थापन | २०,००,००० | रु. १०००।०० | दरभाउपत्र |

२०७८/०४/२५

तानसेन नगरपालिकाकार्यालय

Scanned with CamScanner